ललितपुर उप–महानगरपालिकाद्वारा
आयोजित आ. व. २०७२/२०७३ को

# तेस्रो चौमासिक
# सार्वजनिक सुनुवाई कार्यक्रम

**मिति : २०७३ असार ३०, बिहिवार**
**स्थान: सरस्वती मन्दिर परिसर, वडा नं ३**

## कार्यसम्पन्न प्रतिवेदन

बुझाइएको मितिः २०७३ श्रावण १८


सहजकर्ता संस्था बौद्ध युवा कमिटीकालागि

सहजकर्ता एवं प्रतिवेदन विश्लेषकद्वय :

सुनील महर्जन

राजेश बज्राचार्य

| क्र.सं. | विवरण | पेज नं |
|---|---|---|
| १ | कार्यसम्पन्न प्रतिवेदन पत्र | २ |
| | कार्यक्रम संञ्चालनबारे सारांश विवरण | ३-५ |
| २ | सार्वजनिक सुनुवाई सम्बन्धिप्रतिवेदन ( अनुसूची–४ बुँदा नं. ७.६ सँग सम्बन्धित) | ६-१० |
| ३ | सार्वजनिक सुनुवाईमा सहभागीहरुको प्रश्न, गुनासो र सुझाव बुँदागत रुपमा | ११-१२ |
| ४. | सहभागीहरुको प्रश्न, गुनासो र सुझावकाबारे कार्यकारी प्रमुखको बोल्नुहुने उत्तर र धारणा बुँदागत रुपमा | १३-१५ |
| ५. | कार्यक्रमको फोटो रिपोर्ट | १६-२३ |
| ६. | सार्वजनिक सुनुवाई सञ्चालनप्रक्रियाकार्यक्रमखाका | २४ |
| ७. | नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत संकलनको संश्लेषित प्रस्तुतिको प्रतिलिपी | |
| ८. | संकलितनागरिक प्रतिवेदन र बहिर्गमन अभिमतप्रतिवेदनकाप्रतिलिपी | |
| ९. | कार्यक्रमबारे छापिएका समाचारहरुको प्रतिलिपिहरु | |
| १० | कार्यक्रम सञ्चालनगर्न दिएको स्वीकृत पत्र र सम्झौताको प्रतिलिपी | |

# <u>कार्यक्रम सारांश विवरण</u>

## आर्थिक वर्ष २०७२/०७३ को ललितपुर उपमहानगरपालिकाको तेश्रो चौमासिक सार्वजनिक सुनवाई कार्यक्रमको

## प्रतिवेदन सारांश

सार्वजनिक सुनवाई, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय निकायको लागि तय गरेका ऐन, नियम, कार्यविधि, निर्देशिकामध्ये सबैभन्दा बढी जनहितकारी कार्यक्रमका रुपमा लिइन्छ ।

सार्वजनिक सुनवाई कार्यविधि २०६७ सार्वजनिक सुनवाई सञ्चालन गर्ने सामान्य कार्यविधि मात्र होईन । सार्वजनिक सुनवाईमा अन्तरनिहित मान्यता र यसका पछाडिका सिद्धान्तहरुको महत्वपूर्ण दस्तावेज पनि हुन् । सार्वजनिक सुनवाईको महत्वको सन्र्दभमा कार्यविधिको प्रस्तावनामा नै स्पष्ट रुपमा भनिएको छ । यसको मूलभुत उद्देश्य नै ललितपुर उपमहानगरपालिका र नागरिकाहरुकाबीचमा दोहोरो संवाद स्थापित गर्ने हो ।

एक, दुई वर्षयता ललितपुर उपमहानगरपालिकाको सार्वजनिक सुनवाई औपचारिकता भन्दा बढी नगरवासी र उपमहानगरपालिकाबीच दोहोर संवाद स्थापित गर्ने यसैको सैद्धान्तिक मान्यतालाईलाई व्यवहारमा क्रमशः स्थापित गर्ने गरी कार्यहरु अघि बढेको नगवासीहरुले समेत महशुस गर्दै आएको छ ।

समुदायको तृणमूल (ग्रास रुट) मा बसेर काम गरिरहेको ललितपुरका युवा वर्गहरुको संगठन बौद्ध युवा कमिटीले विशेषतः आर्थिक वर्ष २०७१/०७२ को उपमहानगरपालिकाको पहिलो चौमासिक सार्वजनिक सुनवाई आयोजनासंगै स्थानीय समुदायस्तरमा सार्वजनिक सुनवाईमा सहभागी हुने, यसमा गएर कुरा राख्ने क्रमले केही हद भएपनि विस्तार भएको , जनचेतना वृद्धि भएको पाइएको सबैमा स्मरण भएकै तथ्य हो ।

सार्वजनिक सुनवाई कार्यविधि २०६७ अनुरुप पहिलो पटक बहिगर्मन अभिमत र नागरिक प्रतिवेदन पत्र संकलन त्यसको विस्तृत विश्लेषण सहित प्रस्तुत सो कार्यक्रमा सहभागीको दायरा बढेको, कार्यविधिलाई व्यावहारिक रुपमा स्थापित भएको उपमहानगरपालिका, आम नगरवासी सबैले महसुश गरेको विषय हो ।

यसो हुनुमा मुख्यत : दुईवटा कारण रहेका छन् :- पहिलो, सार्वजनिक सुनवाई संयोजन गर्ने स्थानीयस्तरकै संस्था हुँदा त्यसको माध्यमबाट हुने स्थानीय सहभागीहरु सार्वजनिक सुनवाईबारे सहजै सुसूचित हुने र गुनासो, पीर मर्का राख्न उत्प्रेरित भएको र उपमहानगरपालिकाको कार्यक्रमबाट प्रभावित हुने सरोकारवाला, संघसस्थाहरुलाई पहिचान गरी कार्यक्रमा निमन्त्रणा गर्न सहज भएको । दोस्रोः- दोसो पहिलो पटक कार्यविधि बमोजिम बहिगर्मन अभिमत, नागरिक प्रतिवेदन पत्र संकलन गरिएकोले नगरवासीहरुको गुनासो, पीर, मर्का र चाहनालाई बढी भन्दा बढी मुखरित भएको ।

उपमहानगरपालिकाको सभाकक्षमा भएको सोही सार्वजनिक सुनवाई गोप्य कोठामा गरिएको भन्ने बढी गुनासाहरु आएको थियो । यस अवस्थालाई मध्यनजर गर्दै आर्थिक वर्ष २०७२/०७३ को उपमहानगरपालिकाको पहिलो चौमासिक सुनवाई ललितपुरको वडा नं २४ स्थित धापाखेलमा आयोजना गरिएको थियो । उपमहानगरपालिकाको सभाकक्षबाहिर भएको यो नै पहिलो सार्वजनिक सुनवाई रहेको छ । यस सार्वजनिक सुनवाई पनि बौद्ध युवा कमिटी संस्थामा आबद्ध सुनील महर्जन र राजेश बज्रचार्य लगायत युवाहरुकै संयोजनमा भएको थियो ।

आर्थिक वर्ष २०७१/०७२ को सार्वजनिक सुनवाईका क्रममा नागरिक प्रतिवेदन पत्र भर्ने ९० प्रतिशत सेवाग्राहीहरुलाई यस अघि सार्वजनिक सुनवाई हुने गरेको थाहाँ छैन भन्ने तथ्याङ्क आएको थियो । हाल सो संख्या घट्दै गएका पाइएको छ ।

ललितपुरको विशिष्ट सामाजिक, सांस्कृतिक, धार्मिक र भौगोलिक परिवेश, जनसंख्याको घनत्व, बसोबासको अवस्था, स्थान विशेष, अनुरुप सेवाग्राहीहरुको समस्याको स्वरुप, उपमहानगरपालिकाको सेवा प्रवाहलाई बुझ्ने, ठम्याउने, विकासको मागको प्रकृति, आधारमा आकाक्षा पनि भिन्न हुने सक्ने अवस्थालाई मध्यनजर गरी कार्यकारी प्रमुख भरतमणी पाण्डेसंगै छलफल गरी सार्वजनिक सुनवाई कार्यक्रम संञ्चालनको केही रणनीतिहरु तय गरिएको थियो । त्यो रणनीति होः सार्वजनिक सुनवाई कार्यक्रम क्षेत्रगत रुपमा सञ्चालन गर्ने ।

यसबाट स्थान अनुसार सेवाग्राहीको चाहना ठोस, अझ मूर्त हुने र तिनको समाधानका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्न सहज हुने अवस्था थियो ।

यस अनुरुप आर्थिक वर्षको २०७२ /०७३ पहिलो सार्वजनिक सुनवाई डेढ वर्ष अघि ललितपुर उपमहानगरपालिको क्षेत्रमा गाभिएका (वडा नं २३, २४, २५, २६, २७, २८, २९ र ३०) वा शहरोन्मुख साविकका धापाखेल, सुनागुथि र हरिसिद्धि गाविसको अवस्था र त्यहाँको जनताको चाहना र समस्यालाई बुझ्ने हिसाबले गरिएको थियो ।

तेस्रो चौमासिक सुनवाई ललितपुरको शहरी क्षेत्रको रुपमा विकसित हुँदै गएको वडा नं १, २, ३, ४, ५, १०, १३, १४, १५ र २० साविकको उपमहानगरपालिकाको झण्डै, झण्डै आधा भाग ओगट्ने क्षेत्रका सेवाग्राहीहरुको चाहना, समस्या र विकासको अवस्थालाई मुखरित गर्ने हिसाबले आयोजना गरिएको थियो । २०७३ असार ९ गते उपमहानगरपालिकाका कार्यकारी प्रमुख भरतमणी पाण्डे र बौद्ध युवा कमिटीका तर्फबाट छलफल हुँदा उपमहानगरपालिकाको सम्बन्धमा सार्वजनिक सुनवाईलाई विशिष्ट र ठोस लक्ष्यका रुपमा किटानी गरिएको हो । विशेषतः नयाँ पाटन शहरका रुपमा हेरिएको ती वडाहरु १, २, ३, ४, ५, १०, १३, १४, १५ र २० लाई लक्षित गरी त्यहाँको वस्तुस्थित, समस्या, नागरिकका पीर मर्का, उपमहानगरपालिकाले सञ्चालन गरेको कार्यक्रमको प्रभाव र पृष्ठपोषण र विशेषत यस क्षेत्रका वडावासीहरुको कुरा सुन्ने यस पटकको सार्वजनिक सुनवाई कार्यक्रमको मुलभूत लक्ष्य थियो ।

यस अर्न्तगत तीब्र शहरीकरण हुँदै गएको ती वडाहरुमा खानेपानी, ढल, सरसफाई, पूर्वाधार निर्माण, सौर्य सडक बत्ती जस्ता शहरी पूर्वाधारसंग सम्बिन्धित विषयहरु मुख्य समस्याका रुपमा स्थानीयवासीहरुले उठान गरेको पाइयो । त्यस्तै सामुदायिक विकास शाखाले गर्दै आएको कार्यक्रमको प्रभावकारीता, वडा मार्फत ती कार्यक्रम सञ्चालन गर्नुपर्ने, स्वास्थ्य स्वंयसेवीहरुको मान्यता लगायत समस्याहरु उठाएको पाइयो । आगामी दिनहरुमा ती समस्याहरुको समाधानाका लागि उपमहानगरपालिकाले सार्थक प्रयास गर्ने यस संस्था आशावादी रहेको छ ।

यस कार्यक्रमले नागरिक, वडावासीहरुले आफूले दैनिक जीवनमा भोग्नुपरिरहेको समस्या, त्यससंग सम्बन्धित गुनासो, पीर र मर्का सम्बोधनका लागि उपमहानगरपालिकाका कार्यकारी प्रमुख, महाशाखाका प्रमुख र जिम्मेवार कर्मचारीहरु समक्ष राख्ने अवसर दिनेछ । सर्वसाधारण नागरिक एक्लैले कार्यालयमा गएर आफ्नो कुरा राख्ने अवसर विविध कारणले हतपत नमिल्न सक्छ । अन्य समयमा जाँदा कहिले कर्मचारीहरु कार्यालयमा नभेटिने, कहिले कुरा गर्ने अवसर पाएपनि नसुनेझै गर्ने, कहिले कुरा राख्ने हिम्मत नहुने, कहिले आलटाल गर्ने, कहिले अलमलाउने, कहिले विभिन्न कामले आउने मानिसहरुको भीडभाड हुने कारणले आफ्नो कुरो स्पष्टसंग राख्ने अवस्था नभएको तपाईहरुले आफ्नो जीवनमा बेलाबखत अनुभव गरेकै होला । तर सार्वजनिक सुनवाई कार्यक्रममा यस्तो हुँदैन, अन्य काम छोडेर पनि उपमहागनरपालिकाका कर्मचारीहरु सेवाग्राही जनताको बीचमा उभिएर कुरा सुन्न उपस्थिति हुनुपर्ने कानूनी बाध्यता पनि रहेको हुन्छ । यस संवादका क्रममा ललितपुर उपमहागनरपालिकाबाट सञ्चालित विकास कार्यक्रम उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक हुनेछ । ती विषयमा नागरिकले आफूलाई लागेका प्रश्नहरु निर्भिक र स्पष्ट रुपले राख्ने सकिने छ ।

अर्कोतर्फ स्थानीय निकायका कर्मचारीहरुद्वारा नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्नुपर्ने अवस्था निर्माण गर्दछ । किनभने यहाँ राखिएका कुराहरु सार्वजनिक अभिलेख राखिने छ, धेरै सेवाग्राही जनताकाबीच बोलिने हुँदा यसमा धेरैको ध्यानाकृष्ट हुने, भएकोले जिम्मेवार कर्मचारीहरुलाई आफूले बोलेको र जनताले दैनिक जीवनमा सामना गर्नुपरेका समस्याहरु समाधान गर्न बढी नै उत्तरदायी हुनुपर्ने हुन्छ । सेवाग्राहीको नागरिको पक्षमा उभिएर बोल्नुपर्ने, तिनका समस्याप्रति जवाफदेही हुनुपर्ने भएकोले यसले त्यस्तो संस्कार बसाउँछ । यसले गर्दा सार्वजनिक सुनवाई कार्यक्रमलाई जनहितकारी नीति अर्न्तगत राखिएको हो ।

संवादबाट सेवाग्राही नागरिकले स्थानीय निकायको विकास निर्माणमा आफ्नो सहभागिता भएको अनुभूत गर्ने छ । अर्कोतर्फ जनताको सहभागिताले मात्र त्यस्तो संवादको अवस्था आउने भएकोले सहभागिता र संवादको परिपूरक सम्बन्ध रहेको छ । सहभागिता र संवादले ललितपुर उपमहागनरपालिकाको कामकारवाही पारदर्शी हुने वा बनाउने छ । पारदर्शीताले नै ललितपुर उपमहानगरपालिकाको विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवारीको संस्कार बसाउने छ । सुशासनका दृष्टिले पनि सार्वजनिक सुनवाईको अत्यन्त महत्वपूर्ण रहेको छ ।

यस्तो महत्व रहेको सार्वजनिक कार्यक्रमलाई व्यावहारिक रुपमा ललितपुर उपमहागनरपालिका क्षेत्रका सेवाग्राही नागरिकहरुबीच स्थापित गर्न यस बौद्ध युवा कमिटी ललितपुरले गर्दै आएको प्रयासहरुलाई सार्थक, व्यापक परिणाममुखी बनाउन आगामी दिनहरुमा पनि उपमहानगरपालिकाले रचनात्मक सहयोग पाउने विश्वास गर्दछौं । यस्ता कार्यक्रमहरुमा अधिकतम जनसहभागितालाई आगामी दिनहरुमा अझ जोड दिदै जाने अपेक्षा लिएका छौं ।

सो सार्वजनिक सुनवाई कार्यक्रमपछि पुनः संयोजन गर्ने जिम्मेवारी दिनुभएकोमा उपमहानगरपालिकाका कार्यकारी प्रमुख भरतमणी पाण्डेमा हार्दिक आभार प्रकट गर्दछौं । सुनवाई कार्यक्रम सफल बनाउन निरन्तर समन्वय गरी आवश्यक सल्लाह, सुझाव र सहयोग गरिदिनु भएकोमा फोकल व्यक्ति प्रशासन महाशाखाको जिम्मेवारी सम्हाल्नुहुने जिन्सि शाखाका प्रमुख श्रीभद्र ओझा, महाशाखा, शाखाका प्रमुखहरुसहित उपमहानगरपालिका सबै सहयोगी कर्मचारीहरु, नागरिक प्रतिवदेन, वहिगर्मन अभिमत लिने मित्रहरु श्री राजेश बज्रचार्य, श्री सागर महर्जन, श्री विकास माली, श्री दिपक महर्जन, श्री श्यामकृष्ण महर्जन, श्री सतिस शाक्यको टोली, वडाका कार्यालयमा आएका सेवाग्राहीहरुलाई वहिगर्मन अभिमत, नागरिक प्रतिवेदन पत्र र वडासचिवहरुसंग अर्न्तवार्ता र कुराकानी मार्फत यहाँको समग्र अवस्था, ठोस समस्या र जनताको अपेक्षालाई प्रतिविम्बित गर्न सहयोग गर्नुहुने वडा वडा सचिव, सामाजिक परिचालक लगायत प्रत्यक्ष र परोक्ष सहयोग पुऱ्याउने सबैमा हार्दिक साधुवाद ।

**अनुसूची–४**
**(बुँदा नं. ७.६ सँग सम्बन्धित)**
**सार्वजनिक सुनुवाइ संबन्धी प्रतिवेदन फाराम**

- सार्वजनिक सुनुवाइ संयोजन गर्ने व्यक्तिको नाम,थर र ठेगाना :

**सुनील महर्जन, ललितपुर र उपमहानगरपालिका वडा नं २२**
**प्रतिवेदक विश्लेषक एवं सहजकर्ता राजेश बज्राचार्य, ललितपुर उपमहानगरपालिका वडा नं १८**

- **सुनुवाइ गरिएका विषयवस्तुहरु**

क) सार्वजनिक सुनुवाई प्रक्रिया र रिपोर्ट

ख) नगरपालिकाको कार्यक्रमहरुबारे पारदर्शिता

ग) सौर्य उर्जा सडक बत्ती परियोजना

घ) खानेपानी, ढल, सरसफाई तथा वातावरण

ङ) जनस्वास्थ्य सम्बन्धित स्वास्थ्य सेविका परिचालन

च) बालश्रम विरुद्ध अभियान तथा सामुदायिक विकास शाखा सम्बन्धित कार्यक्रम

छ) पुन:निर्माण सम्बन्धि नक्सा पासकालागि प्राविधिक जनशक्ति परिचालन

- कार्यक्रम आयोजना स्थल :– **लपुउमनपा वडा नं ३ सरस्वती मन्दिर परिसर, ठाडोढुंङ्गा**

- कार्यक्रम आयोजना गरिएका मिति र समय : **२०७३ असार ३०, विहीबार**

- कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) : **३ घण्टा**

- उठेका प्रश्न/जिज्ञासा र उत्तर :

<table>
<tr><th>क्रम संख्या</th><th>प्रश्नकर्ता/गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना</th><th>सहभागीको प्रश्न/गुनासो/सुझाव</th><th>जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना</th><th>जवाफको छोटकरी व्यहोरा</th></tr>
<tr><td>१</td><td>कुलबहादुर आचार्य<br>वडा नं १०, वाराही टोल सुधार समिति अध्यक्ष</td><td rowspan="6">सहभागीमध्ये उल्लेखित प्रश्नकर्ताहरुका प्रश्न तथा गुनासा, सुझावहरु बिस्तृत रुपमा छुट्टै संलग्न गरिएको छ ।</td><td rowspan="6">१. प्रदीप अमात्य, वातावरण महाशाखा प्रमुख<br><br>२. प्रेम बहादुर थापा सामुदायिक विकास शाखा प्रमुख<br><br>३. हरिश्चन्द्र लामिछाने, शहरी बिकास महाशाखा प्रमुख<br><br>४. सरिता महर्जन, जनस्वास्थ्य शाखा प्रमुख<br><br>५. कार्यकारी प्रमुख ललितपुर उपमहानगर पालिका</td><td rowspan="6">जवाफ दिने पदाधिकारीहरुको नामसहित उल्लेखित प्रश्नकर्ताहरुका प्रश्न तथा गुनासा, सुझावहरुलाई सम्बोधन गरिएका छोट्करी व्यहोरा छुट्टै संलग्न गरिएको छ ।</td></tr>
<tr><td>२</td><td>बुद्धिरत्न शाक्य<br>२० नं वडा इन्चार्ज,<br>नेकपा माओवादी केन्द्र</td></tr>
<tr><td>३</td><td>संगीता शाक्य<br>वडा नं १६ धवाबहीः मणीमण्डप मिसा पुच र नारी सचेतना केन्द्रको सदस्य</td></tr>
<tr><td>४.</td><td>निर्मलाराना मगर<br>वडा स्वास्थ्य कार्यान्वयन समिति सदस्य, वडा नं ३</td></tr>
<tr><td>५</td><td>हसिना शाक्य<br>संयोजक, वडा नागरिक मञ्च वडा नं १६</td></tr>
<tr><td>६</td><td>कमला पोहेली<br>वडा नागरिक मञ्च संयोजक<br>वडा नं २४</td></tr>
</table>

प्रतिवेदन दिएको मिति : २०७२ मंसीर १३ गते, आइतबार

सार्वजनिक सुनुवाइ संचालक/ सहजकर्ताहरुको दस्तखत :

## जनचासोसँग सम्बन्धित मुख्य मुख्य महाशाखा र शाखाका प्रमुखहरुले सेवाप्रवाहका विषयमा दिएका जानकारी बुँदागत रुपमा

### १. **प्रवीण श्रेष्ठ, सार्वजनिक निर्माण महाशाखा प्रमुख**

शाखाबाट प्रदान गरिएको सेवाप्रवाह, विश्व बैंक अनुदान तथा यरोपियन यूनियन अनुदानबाट सञ्चालित शहरी गरीब पुनरोत्थान परियोजना लगयातका कार्यक्रमबारे दिनुभएको लिखित जानकारी अनुसूचीका रुपमा यसै साथ संलग्न गरिएको छ ।

### २. प्रदीप अमात्य, वातावरण शाखा प्रमुख

- अहिले उपमहानगर क्षेत्रमा जुनखाले फोहोरमैला व्यवस्थापनको समस्या झेल्नुपरिरहेको त्यस हिसाबले भन्नुपर्दा वातावरण शाखाले नगरवासीहरुको चाहना अनुसार फोहोर उठाउने र सफासुघर गर्न नसकेको अवस्था छ । यसलाई सुधार गर्न नगरपालिका अहिले पनि लागिरहेका छौं । यसका लागि फोहोरमैला व्यवस्थापन ऐन २०६८ अनुसार नगरपालिकाले जैविक र अजैविक फोहोर छुट्टयाउने काममा लागिरहेका छौं ।
- १० हजार घरमा हरियो र रातो बाल्टिन बितरण अभियान चलाइरहेका छौं ।
- युरोपियन युनियनको सहयोगमा कम्पोष्टविन वितरण कार्यक्रमहरु गरिराखेका छौं ।
- त्यसैगरी कौसी खेतीलाई पनि प्राथमिकतामा राखेका छौं ।
- ललितपुरको १ घजार घरलाई कौसी खेती गराउन वडा नं २, ३, ४, १३, १५, १६, १८ र २२ मा कौसी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिरहेको छ । कौसी खेतीले पनि फोहोरमैला न्यूनीकरण गर्न सहयोग गर्दछ भन्ने यो कार्यक्रमको मुख्य मान्यता रहेको छ ।
- शाखाका गाडीहरुले कुन समयमा फाहोर उठाएका छ भनेर ६ महिनापछि मोबोइल एप्स पनि विकसित गर्ने तयारी भइरहेको छ ।
- पहिले भन्दा अहिले ललितपुरको धेरै ठाउँमा फाहोर उठाइसकेका छौं। अहिले जम्मा चार ठाउँमा मात्र फोहोर थुप्रिरहको छ । लगनखेलमा पहिलाको तुलनामा कम फोहोर थुप्रिएको पाउनुहुन्छ ।
- कृष्णगल्ली र पुल्चोक नटोलमा थुप्रिएको फोहोर अहिलेसम्म उठाउन नसकेको अवस्था छ ।
- ढल खोल्ने कार्यले पनि हाम्रो शाखाले गरिरहेको छ ।
- भुसिया कुकुर व्यवस्थापन र नियन्त्रण कार्यक्रमहरु पनि चलाइरहेका छौं ।
- श्रावण १ गतेदेखि विस्तार भएका वडाहरु (गाभिएका साविकका गाविसहरुमा ) फोहोर उठाउने, व्यवस्थापन गर्ने भनेर सल्लाह गरिराखेका छौं । जनशक्तिको कमीले केही वडाहरुमा कुचो लगाउने कर्मचारीहरु राख्न सकिएको छैन । त्यसलाई पनि सुधार गर्न खोजिरहेको छु ।
- चक्रपथ बाहिर निजी संस्थाहरुसंग समन्वय गरेर फोहोर व्यवस्थापन गर्ने विषयमा छलफल भइरहेको छ ।

**३. प्रेमबहादुर थापा, सामुदायिक विकास शाखा अधिकृत**

- समाज कल्याण शाखाले महिला लक्षित विभिन्न कार्यक्रम जस्तै महिला समूहको व्यवस्थापन, क्षमता अभिवृद्धि, सीपमूलक तालिम सञ्चालन गरिरहेका छौ. । पछिल्लो समयमा महिला समूहमा आबद्ध नभएका महिला दिदीबहिनीहरुलाई पनि महिला समूहमार्फत विभिन्न क्षमता वृद्धि तालिम सञ्चालन गरिराखेका छौं । उपमहानगरपालिकासंग १ सय ८० वटा महिला समूह आबद्ध रहेको छ ।
- ८० वटा बालबालिका सम्बन्धी समूह आबद्ध रहेको छ । बालबालिका लक्षित कार्यक्रम अन्तर्गत क्षमता अभिवृद्धि, अतिरिक्त क्रियाकलापहरु गरिराखेको अवस्था छ ।
- विपन्न,आदिवासी जनजाति, दलित, अपाङ्गता र पिछडिएको वर्ग र युवा लक्षित कार्यक्रम गरिरहेका छौं ।
- पछिल्लो समयमा बालश्रम विरुद्धको हरियो झण्डा अभियान कार्यक्रम गरिराखेका छौं । यस अर्न्तगत वडा नं २०, १६ बालश्रम मुक्त वडा घोषणा भइसकेको छ भने निकट भविष्यमा वडा नं १८, १३ र १४ वडालाई पनि बालश्रम मुक्त वडा घोषणा गर्ने तयारी भइरहेको छ । यसमा व्यापक रुपमा जनचेतना अभिवृद्धि कार्यक्रम गरिराखेका छौं ।
- विनियोजित बजेटको ८० देखि ८५ प्रतिशत खर्च गरेको अवस्था छ ।

**४ सरिता महर्जन, जनस्वास्थ्य शाखा प्रमुख**

शाखाबाट प्रदान गरिएको सेवाप्रवाह, विभिन्न स्वास्थ्य सेवा तथा बजेट बारे दिनुभएको लिखित जानकारी अनुसूचीका रुपमा यसै साथ संलग्न गरिएको छ ।

**५. हरिशचन्द्र लामिछाने, शहरी बिकास महाशाखा, नक्सा शाखा प्रमुख**

नक्सा शाखाबाट प्रदान गरिएको सेवाप्रवाह, स्थलगत ईन्जिनियर अनुगमन सेवा लगायतबारे दिनुभएको लिखित जानकारी अनुसूचीका रुपमा यसै साथ संलग्न गरिएको छ ।

**संलग्न :**

अनुसूची १ : **प्रवीण श्रेष्ठ, सार्वजनिक निर्माण महाशाखा प्रमुख**

शाखाबाट प्रदान गरिएको सेवाप्रवाह, विश्व बैंक अनुदान तथा यरोपियन यूनियन अनुदानबाट सञ्चालित शहरी गरीब पुनरोत्थान परियोजना लगयातका कार्यक्रमबारे दिनुभएको लिखित जानकारी ।

**अनुसूची २ः सरिता महर्जन, जनस्वास्थ्य शाखा प्रमुख**

शाखाबाट प्रदान गरिएको सेवाप्रवाह, विभिन्न स्वास्थ्य सेवा तथा बजेट बारे दिनुभएको लिखित जानकारी ।

**अनुसूची ३. हरिशचन्द्र लामिछाने, शहरी बिकास महाशाखा, नक्सा शाखा प्रमुख**

नक्सा शाखाबाट प्रदान गरिएको सेवाप्रवाह, स्थलगत ईन्जिनियर अनुगमन सेवा लगायतबारे दिनुभएको लिखित जानकारी ।

## सार्वजनिक सुनुवाईमा बोल्ने सहभागीहरुका कुराहरुको बुँदागत टिपोट

| क्र.सं. | नाम, थर, ठेगाना | गुनासो वा सुझावहरु | सम्बन्धित शाखा, उत्तरदाता |
|---|---|---|---|
| १ | कुलबहादुर आचार्य<br>वडा नं १०,<br>अध्यक्ष - वाराही टोल सुधार समिति | • ललितपुर उपमहानगरपालिकाको २८ वडामा सयौं सौर्य सडक बत्ती राख्ने भनेर असार २७ गते सबै उपभोक्ताहरुलाई सम्झौता गरियो । त्यसको दुई दिनपछि सौर्य बत्ती राख्ने कार्यक्रम स्थगित भएपछि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट आएको करौडौं रकम फिज भयो । यस अवस्थामा बारीही टोल लगायतले नगरवासीसंग पैसा उठाएर उपभोक्ता समिति मार्फत सौर्य बत्तीका लागि सामान किनिसकेको थियो । अन्य उपभोक्ता समितिको हक पनि यस्तै अवस्था रहेको छ । यसले धेरै अप्ठ्यारो भएको छ । किन यस्तो अवस्था आएको हो ? यसले गर्दा पैसा फिर्ता गर्ने वा विभिन्न आशंका उत्पन्न भएको छ । यस बारे के गर्ने होला ?<br>• घरघरमा उठाएको फाहोर युएन पार्कमा थुपार्ने, वाग्मतीमा फाल्ने, कार्यले त्यहाँ वरपरको वातावरण दुषित भएको छ । स्वच्छ सफा हराभरा राख्नुपर्ने पार्क डम्पिङ्ग साइट भएको छ । यसलाई चाँडै अन्त्य गर्नुपर्यो | • लेखा शाखा<br>• सार्वजनिक निर्माण शाखा<br>• वातावरण शाखा<br><br>**उत्तरदाताः**<br>कार्यकारी प्रमुख श्री भरतमणी पाण्डे<br><br>प्रदीप अमात्य, वातावरण शाखा |
| २ | बुद्धिरत्न शाक्य<br>२० नं वडा इन्चार्ज,<br>नेकपा माओवादी | • २० नं वडाका सचिवको व्यवहार राम्रै छ । खासै गुनासो गर्नुपर्ने अवस्था अहिलेसम्म आएको छैन ।<br>• उपमहानगरपालिकाको नगर प्रहरी बलले पुनरावेदन अदालतको फैसला बमोजिम ऐतिहासिक ख्वायबही (विहार) क्षेत्रको जग्गा अतिक्रमण गरेर लगाइएको पर्खाल केही विरोधका बाबजुद भत्काइदियो, त्यसका लागि विशेष धन्यवाद छ । अहिले भत्काउने क्रममा जुन २५, ३० प्रतिशतको काम बाँकी छ, तर काम सकियो भने एक पक्षले हल्ला गरेको छ । यस अवस्था अदालतको फैसला अनुरुप बाँकी काम सम्पन्न गरी पुनरावेदन अदालतको फैसलालाई सम्मान गरिदिनु हुन म कार्यकारी प्रमुखको ध्यानाकर्षण गराउन चाहन्छु । | • कानून शाखा<br>• नगर प्रहरी बल<br><br>**उत्तरदाताः**<br>कार्यकारी प्रमुख श्री भरतमणी पाण्डे |
| ३ | संगीता शाक्य<br>वडा नं १६<br>धवाबहीः<br>मणीमण्डप मिसा पुच र नारी सचेतना केन्द्रको सदस्य | • धपगाल बजारस्थित ललितपुर उपमहानगरपालिका वडा नं १६ कार्यालयसँगै रहेको सस्तो बजारमा माछा र खसीको मासु बच्ने र फोहोर त्यही फाल्ने गरेकाले वातावरण दुर्गन्धित छ । वडा कार्यालयमा हुने कार्यक्रममा बस्न निकै हैरानी हुने गर्दछ, त्यहाँ वरपर दुर्गन्धको वडा कार्यालयमा आउने सेवाग्राहीलाई सास्ती भइरहेको छ । यसको उचित सुनवाई हुनुपर्यो ।<br>• सो ही परिसरमा विभिन्न तालिमहरु समेत हुने गर्छ तर बजारको दुर्गन्ध र होहल्लाले सिकाई समेत प्रभावित हुने भएकोले यसतर्फ चाँडै ध्यान पुर्याइयोस | • प्रशासन<br>• वातावरण शाखा<br>**उत्तरदाताः**<br>सरिता महर्जन, जनस्वास्थ्य शाखा<br><br>कार्यकारी प्रमुख श्री भरतमणी पाण्डे |

| | | | |
|---|---|---|---|
| ४ | निर्मलाराना मगर वडा स्वास्थ्य कार्यान्वयन समिति सदस्य, वडा नं ३ | • ललितपुर उपमहानगरपालिकाको २२ वडामा ५ सय ६८ वडा स्वास्थ्य कार्यान्वयन समिति रहेकोमा उपमहानगरपालिकाले १ सय ३३ लाई किन मान्यता दिएको छ । बाँकीले मान्यता पाएको छैन । सबैले समान रुपमा मान्यता पाउन उचित पहल गरियोस ।<br>• जनस्वास्थ्य अधिकृतले ९३ हजारले स्वास्थ्य सेवा पाएको छ भनि भन्नुभएकोमा तिनिहरुलाई स्वास्थ्य सुविधा दिन ५ सय ६८ स्वास्थ्य समितिको भूमिका रहेको छ । यस्तो अवस्थाले १ सय ३३ बाहेक बाँकीले किन मान्यता नपाएको हो ? | • जनस्वास्थ्य शाखा |
| ५ | हसिना शाक्य संयोजक, वडा नागरिक मञ्च वडा नं १६ | • उपमहानगरपालिकाको सामुदायिक विकास शाखाबाट प्रदान गरिने तालिम, सेवा प्रवाह वडाको आधारमा दिनुपर्यो । सबै केन्द्रीकृत हुने गरेकोले धेरै महिलाहरुले लाभान्वित हुन सकिरहेको छ । यसलाई वडाको आधारमा विकेन्द्रीत गरिनुपर्यो ।<br>• बालश्रम घोषणा गर्ने क्रममा आएको अपजश त्यहाँको वडा नागरिक मञ्च वा समुदायले सुन्नुपर्ने तर कार्यक्रम जति केन्द्रीकृत र निर्देशित हुने । यस्तो अवस्थाको अन्त्य गरिदिनु पर्यो । योजना वडास्तरमा बन्ने तथा कार्यान्वयन जिम्मेवारी आवश्यक बजेट विनियोजन सहित विकेन्द्रिकृत गरिनुपर्यो । | • सामुदायिक विकास शाखा<br><br>**उत्तरदाताः**<br>प्रेम बहादुर थापा, सामुदायिक विकास शाखा<br>कार्यकारी प्रमुख श्री भरतमणी पाण्डे |
| ६ | कमला पोहेली वडा नागरिक मञ्च संयोजक वडा नं २४ | • गाभिएको थप ८ वडा अर्थात साविकको गाविसबाटै नक्सापास गराउने व्यवस्था गरेर जनताले सुविधा पाएका छन् भनेर उपमहानगरपालिकाका कर्मचारीहरुले दाबी गर्दै आएका छन् । तर वास्तवमा हामीले दुःख पाएका छौं ।<br>• साताको एकदिन नक्साका कर्मचारीहरु धापाखेल वडामा आउनुहुन्छ । तर कति खेर आउने र कतिखेर जाने ठेगान नै छैन । यसमा धेरैको गुनासो रहेको छ । सचिवहरुलाई गुनासो गर्दा यो प्राविधिक कुरो भनेर भन्नुहुन्छ । तर यति दुःख दिनुहुन्छ कि भनेको कागज दिँदा पनि  कहिले के पुगेन कहिले के पुगेन भनेर जनतालाई हैरान बनाउनुहुन्छ ।<br>• नक्सापास गर्न कतिको तीन महिनासम्म लागेको छ । नक्सापास गर्न आलटाल गरेर जनतालाई दुःख दिनुहुन्छ ।  यस्तो समस्या समाधान गरिदिनु पर्यो । | • नक्सा शाखा<br>**उत्तरदाताः**<br>हरिश्चन्द्र लामिछाने नक्शा शाखा<br><br>कार्यकारी प्रमुख श्री भरतमणी पाण्डे |

**माथि उल्लेखित गुनासो पश्चात**
**सम्बन्धित शाखा प्रमुख लगायत कार्यकारी प्रमुख भरतमणी पाण्डेज्यूबाट जिज्ञासा र गुनासोको प्रत्युत्तर**
***(बुँदागत रुपमा तल छुट्टै पेजमा संप्लेशित गरिएको छ ।)***

## प्रश्नकर्ताहरुका प्रश्न तथा गुनासा, सुझावहरुलाई गरिएको सम्बोधनको बुँदागत टिपोट

### १) प्रवीण अमात्य, वातावरण शाखा प्रमुख

- वागमती सफाई अभियानमा उपमहानगरपालिकाले पनि सहभागिता जनाउँदै आएका छन् । वाग्मतीमा कसैले पनि फोहोर फाल्न पाईदैंन । हामीले गत वर्ष वाग्मतीमा फोहोर फाल्ने एक संस्थालाई ५५ हजार समेत जरिवाना गरेको थियौं ।
- युएन पार्कमा महिला वातावरण समूहले घरघरबाट संकलन गरेर ल्याएको फाहोरलाई केही छिनको लागि राखेर ल्याण्डफिल त्रसाईट लान्छु भनेर राखेको हो । त्यो मन्त्रालयसंग सहमत गरेर राखिएको हो ।
- कम्पोष्टविन हामीले सहुलित दरमा उपलब्ध गराउँदछौं । पहिला त्यतिकै ७ सय रुपैयाँ मात्र लिएर वितरण गर्दै आएको कम्पोष्टविन अहिले कौशी खेती सम्बन्धी तालिम लिइसकेकालाई मात्र कम्पोष्टविन उपलब्ध गराउँदछौ । कसैलाई आवश्यक छ भने तालिम दिन्छौं ।
- जथाभावि फोहोर फाल्नेलाई कारवाही हुन्छ । तर धपगाल बजारमा माछा मासुको फाल्ने गरेको भुत्लाहरु उपमहानगरपालिको गाडी आएपछि त्यसमा राख्ने गरेको छ । यसले गर्दा कारवाही गर्न सकिरहेको छैन । कोकसैले यस्तो जथाभावि गरेमा कारवाही हुनेछ ।

### २) हरिशचन्द्र लामिछाने, शहरी विकास महाशाखा प्रमुख

- यस शाखामा जनशक्तिको एकदमै कमी छ । २०५५ साल नियुक्ती भएको जनशक्तिले अहिले पनि धान्नुपरिरहेको छ । यसले गर्दा बल्लतल्ल हप्तामा दुई पटक तत्कालीन धापाखेल गाविसको कार्यालयमा हामी इन्जिजियर बस्छौं । उहाँहरुले सके सम्म दुई दिनमा गरिराख्नुभएको छ ।
- कागजपत्र नमिलेको विषयमा वडामा मिलाएर यतिसम्म सही गरिराखेका छौं,यस्तो कागजमा नक्सापासको हस्ताक्षर गरेर कुन बेला के हुने हो भने कर्मचारीहरु त्रास लिएर बस्नुपर्ने अवस्था छ ।
- साविकको गाविसमा नक्सापासको प्रक्रिया अत्यन्त फितलो रहेको छ । यति फितलो छ कि गाविसले पासका गरेको नक्साको आधारमा बनाएरको घरमा आखाँ चिम्लिएर निर्माण सम्पन्न प्रमाणपत्र दिइरहनुपरेको छ । त्यस्तो नक्सा एक जना प्राविधिकले बनाएको भन्न सुहाउँदैन । यस्तो स्थितिमा हामीले काम गरिराखेका छौ. ।
- उपमहानगरपालिकामा कागजपत्र अलि नै बढी चाहिन्छ , जुन कागजपत्र बिना नक्सामा सही गर्न सक्दैनौं । त्यो कागजपत्र वडासचिवहरुले पनि परीक्षण गर्न सक्नुहुनेछ । समयको पावबन्दीले वडासचिवहरुलाई तालिम दिन सकिरहेको छैन । हामी निकट भविष्यमा नै वडा सचिवहरुलाई नक्सा सम्बन्धी कागजपत्र चेक गर्ने बारे तालिम दिने छौं । त्यसपछि नक्सा पास प्रक्रिया अलि सजिलो होला कि ।

## ३) प्रेमबहादुर थापा, समाजकल्याण शाखा अधिकृत

- बालश्रम मुक्त वडा घोषणा गर्ने सम्बन्धमा बजेटको कुरो निकाल्नुभएको छ । बालश्रम विरुद्धको हरियो झण्डा अभियान अर्न्तगत बालश्रम मुक्त वडा घोषणा गर्न उपमहागनरपालिका र आईएलओबीच सम्झौता भएको अनुरुप बजेट खर्च गरिराखेका हौं । कार्यान्वयका क्रममा वडा सचिव संयोजक रहेको वडास्तरीय बालसंरक्षण समिति र सहसंयोजक र हरियो झण्डा अभियानमा खटिएका समुदायस्तरका मानिसहरु समन्वय गरेर कार्यक्रम गर्दै आएको हो ।
- सामुदायिक शाखाले यसको व्यवस्थापन गर्दै बजेट विनियोजन सीमित भएकोले हामीले नै मुस्किलले काम गरेका थियौं । सामुदायिक विकास कार्यक्रमहरु वडा तहबाट माग भएर आउनुपर्दछ भनी आर्थिक वर्ष २०७३/०७४ को योजना तर्जुमा बैठकबाट नै कार्यक्रमहरु आएको अवस्था छ । हामीले त्यही अनुरुप खर्च गर्ने छौं ।

## ३) सरिता महर्जन, जनस्वास्थ्य शाखा अधिकृत

- हामीले असार २१ गतेदेखि महिला स्वयंसेविकाहरुको राष्ट्रिय सम्मेलन गरेका थियौं । त्यसमा निर्मलाजीले उठाउनुभएको जिज्ञासा सबै सहभागीहरुले राख्नुभएको थियो । त्यसमा निर्मलाजी अनुपस्थिति हुनुभएको थियो ।
- ५ सय ६८ जना स्वयंसेविका रहेको छ । १ सय ३३ जनाको स्वास्थ्य स्वयं सेविकालाई मान्यता दिएको कुरो तपाईले निकाल्नु भएको छ ।  ५ सय ६८ जना वास्तविक रुपमा रहेको वा अंकमा मात्र रहेको त्यसको विवरण लिने छौं ।
- जनसंख्या मिलाएर स्वास्थ्य सेवा विभागसंग समन्वय गरेर माग अनुसार संख्या बढाउन समन्वय गर्नेछौं । यसलाई नगरपरिषद्मा पनि पेश गर्नेछौं । यसपछि परिचयपत्र दिनेछौं । सबैको जायज मागलाई कानूनी आधारमा टेकेर समाधान खोज्नेछौं । स्वास्थ्य सेवामा सबैका भूमिका स्वीकार गर्नेछौं ।

## ४) भरतमणी पाण्डे
## कार्यकारी प्रमुख, ललितपुर उपमहानगरपालिका

- उपमहानगरपालिका विकास निर्माण साथसाथै सेवा प्रवाह गर्ने निकाय पनि हौं । गत आर्थिक वर्षमा नगरपालिकाको प्रगति समग्र हिसाबले हेर्ने हो भने वितीय प्रगति भएको देखिन्छ । विनियोजित रकम मध्ये ८० करोड जति खर्च भएकोले वितीय तथा भौतिक प्रगति हासिल गर्न सफल भएको छ । राजस्व संकलनको प्रगति अत्यन्त उल्लेखनीय रहेको छ । शतप्रतिशत राजस्व प्रगतिमा पुग्ने लक्ष्य रहेको छ । २५ करोड ८९ लाखको लक्ष्यमा राजस्व सकंलन गर्ने हाम्रो लक्ष्य थियो, त्यसमा २४ करोड ३३ लाख भनेको ९३ प्रतिशतको हाराहारीमा राजस्व सकंलन गर्न सफल भएका छौं ।
- आम्दानी र खर्चमा भन्नुपर्दा राष्ट्रिय औसत खर्च भन्दा माथि छौं । भूकम्प र नाकाबन्दी लगायत विभिन्न अवरोधले राष्ट्रिय विकास खर्च घटिरहेको अवस्थामा यो खर्च हुनु भौतिक प्रगति हासिल गर्न सक्नु सन्तोषजनक कुरो हो ।
- सेवाग्राहीहरुको अभिमतलाई सरसर्ती पल्टाएर हेर्दा गत वर्षको सावर्जनिक सुनुवाईको तुलनामा केही सुधार भएको छ । वडातहबाट प्रवाह हुने सेवाहरुमा दुई तीन वटा सकारात्मक सूचकहरु देखापरेको

छ । सेवाग्राही र सेवाप्रदायको सम्बन्ध,तोकिएको समयमा सेवा पाउने कुराहरुमा सकारात्मक हुँदै आएको छ ।

- त्यसका अतिरिक्त केही नकारात्मक सूचकहरु पनि बढेको छ । वडासचिवहरुलाई नकारात्मक सूचकहरुतर्फ ध्यानाकर्षण गराउन चाहन्छौं । अतिरिक्त रकम लिएर सेवा दिने, तोकिएको समयमा सेवा नदिने जस्ता कार्य आउँदो सार्वजनिक सुनवाईमा घटेको हुनुपर्दछ ।
- सोलार सौर्य बत्ती कार्यक्रम व्यवस्थापन गर्न कठिनाई भइरहेको छ । नेपाल सरकार, स्थानीय निकाय र उपभोक्तासंग मिलेर सौर्यबत्ती कार्यक्रम सञ्चालन गर्न महत्वाकाक्षी योजनाका रुपमा अघि सारेका थियौं । यसक्रममा के प्राविधिक समस्या आईपर्यो भने नेपाल सरकारले पठाएको रकम खर्च नभएपछि तोकिएको समयमा सरकारलाई फिर्ता गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको छ । नगरपालिकाको रकमलाई आफूले निर्णय गरेर खर्च गर्न सक्छौं भनेर सरकारको रकमलाई त्यसरी खर्च गर्न सक्दैनौ, सरकारले पठाएको पैसा एक आर्थिक वर्षका लागि मात्र रहन्छ । त्यो रकम आर्थिक वर्ष समाप्तहुनु भन्दा ५ दिन अगावै फिर्ता गर्नुपर्दछ । यसको अर्थ असार २५ गतेभित्रमा त्यो रकम अनुरुप काम सकिसक्नुपर्ने अवस्था थियो । उपभोक्ता समितिसंग गरेको सम्झौतामा पनि नेपाल सरकारबाट आएको रकम ६५ प्रतिशत २५ गते भित्र खर्च गरिसक्नुपर्ने भनेर सम्झौताको बुँदा पनि राखेका थियौं । पटक पटकको अनुशीक्षण कार्यक्रममा पनि नगरपालिकाले त्यो स्पष्ट पारेको छ । यसमा कोही पनि अनभिज्ञ छैनौं । त्यो हिसाबले असार २५ गतेसम्ममा रकम खर्च गर्न प्रयास गर्यो, र चार दिनसम्म थप्यौं । २९ गतेसम्म नेपाल सरकारको रकम खर्च गर्न नसकेको अवस्थामा सरकारलाई फिर्ता वा फ्रिज भएको अवस्था हो ।
- यसबाट उपभोक्ताहरु विचलित हुनुपर्ने अवस्था छैन, नगरपालिकाले यो कार्यक्रम कार्तिकको मसान्तसम्ममा कार्यान्वयन गर्ने प्रतिबद्धता पनि जारी गरिसकेको छ । नगरपालिकाको तर्फबाट अर्को वर्षको कार्यक्रममा यो कार्यक्रमले निरन्तरता पाउने छ । अन्तिम अन्तिममा रकम प्राप्त भयो, धेरै प्रयास गर्दा पनि खर्च गर्न नसकेको हो । आपूतिकर्ताहरुले ल्याइदिनुपर्ने सामानपनि सामान पनि समयमै ल्याइदिएन ।
- बिल लिएर गएको स्वीकार भएन भन्ने कुरो पनि उठ्यो, बिल बन्दैमा कार्यक्रम सफल हुने होईन । बील अनुसार वास्तविक रुपमा काम भएको हुनुपर्ने छ । जति पेश गर्नुभएको भने त्यही अनुसार सामग्री भएन भने भुक्तानी दिन बाध्य हुने छैनौ । केही गुणस्तरमा फरक परेका थियो, जुन मापदण्ड प्राविधिक मापदण्ड नपुगेको सामग्री लिन नगरपालिका बाध्य हुने छैन ।
- नगरपालिकाले दिने सेवा प्रवाहलाई बढी भन्दा बढी वडामा विकेन्द्री गर्न खोजिरहेका छौ । तर वडा तहमा क्षमता छैन । स्रोत साधन र क्षमता पनि दिनुपर्दछ । कर्मचारीको अभाव छ । थोरै कामबाट धेरै काम गर्नुपर्ने बाध्यता छ । संगठनात्मक संरचना अनुसार कर्मचारी तयार पारेको सर्न्दभमा त्यही अनुसार कर्मचारीको वृति विकास गर्ने छौं । कर्मचारीहरु रहयो भने बजेट राजस्व संकलनका अधिकारहरु वडालाई दिन्छौं । त्यो कार्य प्रारम्भ भएको छ । एउटा इन्जिनियर हप्तामा एक दुई वडा हेर्नुपर्ने हुन्छ । त्यसले गर्दा गुनासो आउनु स्वभाविक हो । कर्मचारीको अभाव क्रमश: मिलाउने छौं ।
- बुद्धिरत्नजीले उठाउनुभएको सर्न्दभलाई सम्मानित पुनरावेदनको अदालतको फैसला अनुरुप काम गर्ने छौं । त्यसको अर्को पक्षले विरोध गरिरहेको छ । उहाँहरुसंग पनि समन्वय गरेर चाँडै यो विषयलाई टुंग्याउने छौ. ।

# फोटो रिपोर्ट :

## नागरिक प्रतिवेदन र वहिर्गमन अभिमत संकलनका झलकहरु










# सुनुवाई कार्यक्रमको प्रारम्भ तथा आसन ग्रहण

## उद्घोषक, कार्यक्रम संचालक : सुनिल महर्जन









सार्वजनिक निर्माण महाशाखा प्रमुख प्रवीण श्रेष्ठज्यूबाट नगरपालिकाबाट भएका सेवाप्रवाह लगायत आफ्नो शाखा मातहत भएका सेवाप्रवाहबारे जानकारी दिनुहुँदै ।




वातावरण शाखा प्रमुख प्रदिप अमात्यज्यू आफू मातहत हुने कार्यबारे जानकारी दिनुहुँदैं ।




सामुदायिक विकास शाखा अधिकृत प्रेम बहादुर थापाज्यूबाट आफू मातहतका कार्यबारे जानकारी दिनुहुँदैं ।




जनस्वास्थ्य शाखाका सरिता महर्जनज्यूबाट आफ्नो शाखा अन्तर्गत भएका सेवाप्रवाहबारे जानकारी दिनुहुँदैं



शहरी बिकास महाशाखाका ई. हरिश्चन्द्र लामिछानेज्यू आफू मातहतका कार्यबारे जानकारी दिनुहुँदैं ।



सार्वजनिक सुनुवाईका सहभागी नागरिकहरु




<u>सहजकर्ता तथा प्रतिवेदन विश्लेषक राजेश बज्राचार्य विश्लेषण प्रस्तुत गर्नुहुँदै ।</u>




श्री सरस्वती युवा परिवार
स्था. २०३४
युलाखेल-३.ललितपुर





<u>कार्यक्रममा आफ्ना समस्या, गुनासा, अपेक्षा र सुझाव प्रस्तुत गर्दै वडावासी नागरिकहरु</u>














## सार्वजनिक सुनुवाई कार्यक्रमको प्रस्तावित रणनिती तथा कार्यक्रम खाका

| | |
|---|---|
| मिति | : २०७३ असार ३० गते विहिवार |
| समय | : दिउँसो १ बजे देखि ४ बजे सम्म |
| स्थान | : सरस्वती मन्दिर परिसर, ठाडोढुंगा, वडा नं ३ |
| अनुमानित सहभागी संख्या | : २०० |
| कार्यक्रम उदघोषक तथा सहजकर्ता | : सुनिल महर्जन |
| प्रश्न टिपोटकर्ता, रापोर्टर | : सुनिल महर्जन र राजेश बज्राचार्य |

### कार्यक्रम खाका

| **समय** | **कार्यक्रम** | **कैफियत** |
|---|---|---|
| १२:३० बजे | सम्बन्धित आयोजक तथा निकाय कर्मचारीहरु सबैको उपस्थिती | |
| १२:३० देखि १:०० सम्म | आमन्त्रितहरुको आगमन, रेजिष्टेशन तथा भलाकुसारी समय | |
| १:०० | उदघोषकबाट ध्यानाकर्षण | **सुनिल महर्जन** |
| १:०५ | आसन ग्रहण तथा कार्यक्रम शुरुको घोषणा | |
| १ :१० | सहजकर्ताबाट कार्यक्रमको उद्धेश्यमाथि प्रकाश र कार्यक्रमको आचारसंहिताबारे जानकारी | **सुनिल महर्जन** |
| १:१५ | स्वागत मन्तव्य | **प्रशासन महाशाखाका कार्यवाहक अधिकृत श्रीभद्र ओझा** |
| १:२० | सार्वजनिक सेवा प्रवाहबारे संक्षिप्त जानकारी | **सार्वजनिक निर्माण महाशाखा एवं व.अधिकृत** |
| १:२५ | कर्मचारी समूहसँग छलफलबाट तय गरिएका शाखा, महाशाखा प्रमुखबाट संक्षिप्त प्रस्तुतिकरण | **प्रति प्रस्तुति २ मिनेटको समय पाबन्दी भित्र राख्ने सम्भावनाबारे पूर्व सहमति** |
| १:३० | नागरिक प्रतिवेदन संकलन पद्धति तथा संश्लेषित प्रतिवेदन प्रस्तुति | **राजेश बज्राचार्य** |
| १ :४० | बहिर्गमन अभिमत संकलन पद्धति तथा संश्लेषित प्रतिवेदन प्रस्तुति | **राजेश बज्राचार्य** |
| १ :५० | सहभागीहरुबाट अपेक्षित प्रश्नावली संकलन बिधीबारे प्रकाश | *प्रस्तावित शैलीः प्रति प्रस्तुति वा आसन ग्रहण गर्नुभएका शाखा प्रमुखहरुकालागि प्रति व्यक्ति ३ प्रश्न र सो प्रश्न नागरिक प्रतिवेदन वा बहिर्गमन पत्रसँग सम्बन्धित गराउने प्रयास गरिनेछ* |
| ३:०० | सम्बन्धित निकायका जिम्मेवार पदाधिकारीहरु वा कार्यकारी प्रमुखज्यूले सोधिएका प्रश्नका स्पष्ट सटिक जवाफ दिने समय | |
| ३:३० | थप जिज्ञासाकालागि समय | |
| ३:३५ | सम्बन्धित पदाधिकारी वा कार्यकारी प्रमुखज्यूबाट थप स्पष्टता समय | |
| ४:०० | कार्यकारी प्रमुखज्यूबाट समापन मन्तव्य | |
| ४:१० | धन्यबाद ज्ञापन, कार्यक्रम प्रतिवेदन सार्वजनिक हुनेबारे जानकारी | *सुनिल महर्जन* |
| ४:१५ | सभा बिसर्जन | |

**<u>बहिर्गमन अभिमत र नागरिक प्रतिवेदनको बिश्लेषण पछि तयार गरिएको प्रस्तुतिकरणको प्रतिलिपीहरु</u>**

## **संकलित बहिर्गमन अभिमत तथा नागरिक प्रतिवेदनको प्रतिलिपीहरु**

**<u>सहभागीहरुको नामावलीसहितको माइन्यूट प्रतिलिपी</u>**